गौरीगञ्ज गाउँपालिका

गाउँसभाको १७औं अधिवेशनमा अध्यक्ष श्री फुलबती राजबंशीबाट प्रस्तुत एवं पारित

# आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

मिति : २०८२ असार ९ गते सोमवार

सभाका सदस्यहरु,

गौरीगञ्ज गाउँपालिका गाउँसभाको १७औं अधिवेशनको यस गरिमामय भेलामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यलाई सभाका अध्यक्षको हैसियतले हार्दिक स्वागत गर्दछु ।

लोकतन्त्र स्थापनाको लागि आफ्नो जीवन बलिदान गर्ने ज्ञात-अज्ञात शहीदहरुप्रति उच्च सम्मान र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते र अङ्गभङ्ग हुनुभएका नागरिकको स्वास्थ्यलाभको कामना गर्दछु।

सभाका सदस्यहरु,

भौगोलिक रुपमा झापा जिल्लाको पश्चिम-दक्षिण क्षेत्रमा अवस्थित यस गौरीगञ्ज गाउँपालिकाको पूर्वमा झापा गाउँपालिका, पश्चिममा मोरङ जिल्लाको रतुवामाई नगरपालिका, उत्तरमा गौरादह र शिवसताक्षी नगरपालिकाको भू-भाग एवं दक्षिणमा मित्रराष्ट्र भारतसँग सीमाना जोडिएको छ । आदिवासी जनजाति, क्षेत्री-बाहुन, दलित, मधेसी, मुस्लिम, पिछडावर्ग र अन्य समुदायसमेतको बसोबास रहेको यस पालिकामा राष्ट्रिय जनगणना- २०७८ अनुसार कूल जनसंख्या- ३५५०६ र घरधुरी संख्या- ८५४७ रहेको छ । १०१.३५ वर्ग किलोमिटर कूल क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्व-पश्चिमहुँदै बीचबाट हुलाकी राजमार्गले छिचोलेको छ ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिकलगायतका सम्पदाले सजिएको गौरीगञ्ज गाउँपालिकामा कन्काईमाई, रतुवा, किस्नी, कमल, कमल-बनियानी, रामचन्द्रेलगायतका खोलाहरु रहेका छन् । धान, मकै, गहुँजस्ता खाध्यान्नबालीको प्रचूरता रहेको यस पालिकामा सागसब्जी, दलहन र तेलहनबालीको समेत उल्लेख्य उत्पादन हुने गरेको छ ।

सभाका सदस्यहरु,

हामी निर्वाचित भएर आएको तीन वर्ष व्यतित भइसकेको छ । विगतका स्थानीय निकायहरु स्थानीय तहमा रुपान्तरण भएपछि नागरिकका आवश्यकताहरु पनि दिनानुदिन बढिरहेका छन् । सीमित स्रोत र साधनले असीमित आकांक्षाहरु परिपूर्ति गर्न कठिनाइँ हुन्छ । तर पनि प्रचलित ऐन, नियमको परिधिमा रही स्थानीय आवश्यकता, नागरिकको आकांक्षा र हाम्रो पालिकाको आर्थिक अवस्था समेतलाई आधार मानी विकासमा समान पहुँच अभिवृद्धि गर्न हाम्रो साझा प्रयास भइरहेको व्यहोरा यस सम्मानित सभासमक्ष स्मरण गराउँदछु ।

समयसापेक्ष रुपमा बदलिंदो आवश्यकता, नागरिकले हामीप्रति गरेको भरोसा र विश्वासलाई अक्षुण्ण राख्दै प्रगतिपथमा लम्किने सन्दर्भमा हाम्रासामु निम्नबमोजिमका अवसर र चुनौतिहरु रहेका छन् :

## अवसर :

- संविधानतः अधिकारसम्पन्न स्थानीय सरकार स्थापना भई एकल अधिकारसहित संघ र प्रदेशसँग विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकारक्षेत्रका विषयमा ऐन, कानून निर्माण गरी लागू गर्नु ।
- नागरिकका अधिकार सुनिश्चित गर्न पालिकाको तर्फबाट नीति तथा कार्यक्रमबमोजिम बजेट परिचालन गर्ने अधिकार प्राप्त हुनु ।
- गाउँपालिका क्षेत्रभित्र धार्मिक, सामाजिक, सांस्कृतिक र जातिगत सम्प्रदायबीचको विविधतामा एकता कायम रहनु ।
- गाउँपालिका क्षेत्रमा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्म पुऱ्याउन सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

## चुनौती :

- स्थानीयस्तरमै रोजगारीको अवसर सिर्जना गरी युवालाई विदेश पलायन हुनबाट रोक्नु।
- शिक्षामा गुणस्तर कायम गर्दै उत्कृष्ट नतीजा हासिल गर्नु ।
- परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी युवा जनशक्तिलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्नु ।
- भौतिक पूर्वाधारलगायत अन्य विकासको समानुपातिक पहुँचमा वृद्धि गर्नु ।
- गरीबी र सामाजिक असमानता हटाउनु आदि ।

गाउँसभा सदस्यहरु,

महत्वपूर्ण अवसरलाई उपयोग गर्दै हाम्रा सामु रहेका चुनौतीको सामना गर्नु अहिलेको आवश्यकता हो । चुनौतीलाई अवसरमा बदल्दै समृद्ध गाउँपालिका निर्माण गर्नु हाम्रो परम् दायित्वसमेत हो । अहिलेको यही परिस्थितिमा हामी गौरीगञ्ज गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम निर्माणको चरणमा छौं ।

प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य, २०३० सम्मको मार्गचीत्र, सोह्रौं योजना (आ.व. २०८१/०८२- २०८५/०८६), स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७८, गाउँपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको मर्म र भावनाअनुरुप तयार गरिएको छ ।

## गाउँपालिकाको दूरदृष्टि :

**"दिगो विकास र समृद्ध गौरीगञ्जको आधार,**
**सुशासनसहितको आर्थिक विकास र पूर्वाधार"**

सभाका सदस्यहरु,

अब म चालु आ.व. २०८१/०८२ को हालसम्मका प्रमुख गतिविधिको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

## हालसम्मका मुख्य गतिविधिहरु :

- गौरीगञ्ज गाउँपालिकाभित्रका सामुदायिक शैक्षिक संस्थामा कक्षा- ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था ।
- सामुदायिक विद्यालयअन्तर्गत कक्षा- ९ मा अध्ययनरत सम्पूर्ण छात्राका साथै उत्कृष्ट G. P. A. हासिल गरेका गरीब तथा जेहेन्दार छात्रहरुलाई समेत साइकल वितरण ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीलाई प्राविधिक तथा उच्चशिक्षा अध्ययनमा प्रोत्साहन गर्न पूर्ण तथा आंशिक छात्रवृत्तिको व्यवस्था ।
- सामुदायिक विद्यालयमा इ-हाजिरीको व्यवस्था ।
- विद्यालयमा स्काउट शिक्षालाई निरन्तरता ।

- स्वस्थ जीवनको लागि विद्यालयस्तरमा योग तथा संगीत शिक्षा सञ्चालन ।
- गौरीगञ्ज आधारभूत अस्पतालमा विशेषज्ञ चिकित्सकसहित अन्य आवश्यक जनशक्ति, उपकरण तथा सेवा विस्तार गरी चौबीसै घण्टा सेवा सुचारु ।
- सम्बन्धित स्वास्थ्य संस्थासँगको समन्वयमा गौरीगञ्ज आधारभूत अस्पतालमा मानसिक रोग तथा आँखा उपचार सम्बन्धी सेवा सञ्चालन ।
- विपन्न तथा दीर्घरोग भएका घरपरिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा अनुदान ।
- पूर्ण अपाङ्गता तथा सुत्केरीहरुलाई लक्षित गरी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन ।
- गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिकाको रुपमा कायम ।
- गाउँपालिकाबासीका परिवारका सदस्यको दुखद् निधनमा पालिकाको तर्फबाट सहानुभूति प्रकट गर्दै सहयोगस्वरुप "दुखको साथी, भरोसा राखौं गाउँपालिकामाथि" कार्यक्रमको निरन्तरता ।
- बालमैत्री गाउँपालिका निर्माणमा निरन्तरता ।
- कृषियोग्य भूमिमा सिचाइँ सुविधाको लागि कृषि विद्युतीकरण कार्यक्रम ।
- कृषकलाई व्यवसायिक कृषितर्फ आकर्षित गराउन औजार-उपकरण र अनुदान कार्यक्रमलाई निरन्तरता ।
- कृषितर्फ "गह्रा घटाऊँ, उत्पादन बढाऊँ" कार्यक्रम सञ्चालन ।
- रासायनिक मल एवं विषादिको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको उत्पादन र प्रयोग गरी अर्गानिक खेतीतर्फ कृषकलाई उन्मुख गराउने सम्बन्धी कार्यको शुरुवात ।
- सामुदायिक पशु बन्ध्याकरणका लागि शिविर सञ्चालन ।
- स्थानीयस्तरमै व्यवसायतर्फ युवाहरुलाई आकर्षित गराउन विभिन्न सीप विकास तालीम ।
- गाउँपालिकाभित्रका सहकारी संस्थाको अभिलेखीकरण र सहकारी विभागद्धारा लागू गरिएको सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारी संस्थालाई आबद्धता ।
- संघ तथा प्रदेश सरकारसमेतको समन्वयमा भौतिक पूर्वाधारजन्य योजनाहरुको निर्माण कार्यमा निरन्तरता ।
- विपद् न्यूनीकरणको लागि विपद् पूर्व तयारी, विपद् व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनाको कार्यमा निरन्तरता ।

- सर्पदंशबाट पीडित बिरामीको लागि नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा निःशुल्क सर्पदंश उपचारको व्यवस्था ।
- स्थानीय नागरिकलाई न्यायमा सहजता ल्याउन न्यायिक समितिमार्फत न्याय निरुपण ।
- हालसम्म ऐन- १०, नियमावली- ३, कार्यविधि- ३५ र मार्गदर्शन, नियमावली- २ समेत जम्मा ५० वटा गाउँपालिका कानून निर्माण गरी लागू गरिएको ।

सभाका सदस्यहरु,

आर्थिक वर्ष २०८२/०८३ मा गौरीगञ्ज गाउँपालिकाको मुख्य नीति निम्नबमोजिम रहने छ :

## गौरीगञ्ज गाउँपालिकाको मुख्य नीति :

१. कृषि क्षेत्रलाई पहिलो प्राथमिकता दिदैं कृषि आधुनिकीकरणको लागि कृषि यान्त्रीकरण र व्यवसायीकरणमा जोड दिइने छ ।

२. गाउँपालिकास्तरीय गौरवका योजनाहरुमार्फत विपन्न परिवारको लागि गौरीगञ्ज आवास र शहर सौन्दर्यका लागि आवश्यक कार्य गरिने छ ।

३. गाउँपालिकाबासीको सर्वसुलभ स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गरिने छ ।

४. गुणस्तरीय एवं सर्वसुलभ शिक्षाको सुनिश्चित गर्न शैक्षिक विकासमा जोड दिइने छ ।

५. लोकतन्त्रका आधारभूत मूल्यमान्यतालाई थप मजबुत बनाउन लैङ्गिक समानताको सुनिश्चितता, सामाजिक समावेशीकरणमा अभिवृद्धि र अन्य लोकप्रिय कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सर्वसुलभ बनाउन प्रविधिमैत्री सुशासनमा जोड दिइने छ ।

७. गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय, अन्तरपालिका सहकार्य र विभिन्न संघ-संस्था एवं विकास साझेदारहरुसँगको समन्वयमा जोड दिइने छ ।

सभाका सदस्यहरु,

गाउँपालिकाका यी मुख्य नीतिको आधारमा आ.व. २०८२/०८३ मा निम्नबमोजिम क्षेत्रगत नीति अवलम्बन गरिने छ :

## गौरीगञ्ज गाउँपालिकाको क्षेत्रगत नीतिः

## आर्थिक विकास

### १. कृषि, पशु-पक्षी तथा मत्स्य विकास (दिगो विकास लक्ष्यको सूचक नं. १ र २ सँग सम्बन्धित) :

गौरीगञ्ज गाउँपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी कृषि, पशु-पक्षी तथा मत्स्य विकासमा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

१.१ कृषि सिंचाईलाई थप विस्तार गर्न आ.व. २०८०/०८१ देखि शुरुवात गरिएको कृषि विद्युतीकरण (विद्युत पोल र तार खरीद) कार्यलाई आ.व. २०८२/०८३ मा समेत निरन्तरता दिइने छ ।

१.२ उपयुक्त कृषि प्रविधिको विकास तथा कृषि यान्त्रीकरणको माध्यमबाट कृषिलाई व्यवसायिकतातर्फ उन्मुख गराई रोजगारी तथा आय-आर्जन बढाउन जोड दिइने छ ।

१.३ रासायनिक मल एवं विषादिको प्रयोगले मानव जीवन र वातावरणमा हुने क्षतिबारे अवगत गराउँदै यसको न्यूनीकरणको लागि कृषकलाई अर्गानिक खेतीतर्फ उन्मुख गराउने सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

१.४ क्षयीकरण हुँदै गइरहेको माटोको उर्वराशक्तिलाई Soil Conditioner एवं Soil Charger प्रविधि प्रयोग गरी बाली सुधार कार्यक्रमसमेत अघि बढाइने छ ।

१.५ कृषकबाट उत्पादित खाध्यान्न बालीको सुरक्षा गर्न उचित स्थानमा सामूहिक चट्टाल निर्माण गर्दै लगिने नीति अवलम्बन गरिने छ ।

१.६ पशु-पक्षीको व्यवसायिक फर्म विकास एवं विस्तारको लागि कृषकलाई साझेदारीमा अनुदान उपलब्ध गराइने छ ।

१.७ निःशुल्क पशु नश्ल सुधार सेवा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

१.८ पशुको प्राथमिक उपचार, परजीवी तथा महामारी रोग नियन्त्रण र खोप सेवालाई निरन्तरता दिइने छ ।

१.९ जुनोटिक रोग नियन्त्रण गर्न सामुदायिक पशु बन्ध्याकरण शिविर सञ्चालनलाई निरन्तरता दिइने छ ।

१.१० कृषि तथा पशुजन्य उत्पादनको बिक्री वितरणलाई सहज बनाउन संघ तथा प्रदेश सरकारसँग सहकार्य गरी बजार व्यवस्थापनको समुचित प्रबन्ध गर्दै लगिने छ ।

१.११ कृषि तथा पशु विकास कार्यक्रमको अनुगमनलाई थप प्रभावकारी बनाइने छ ।

## २. **उद्योग तथा पर्यटन** (दिगो विकास लक्ष्यको सूचक नं. ९ सँग सम्बन्धित) :

स्थानीयस्तरमा सञ्चालित ठूला, मझौला एवं घरेलु उद्योग प्रबर्द्धनमा सहजता ल्याई रोजगारी सिर्जना गर्न र स्थानीय पर्यटन प्रबर्द्धन गर्न निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

२.१ गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग एवं व्यवसाय अध्यावधिक तथा अभिलेखीकरण गरी दर्ताको दायरामा आउन बाँकी रहेका उद्योग तथा व्यवसायलाई दर्ता प्रकृयामा ल्याइने छ, साथै स्थानीय उत्पादित वस्तुलाई बजारमा सहज पहुँचको लागि पहल गरिने छ ।

२.२ स्थानीय श्रम, सीपको उपयोग गर्दै रोजगारी सिर्जना गराउन व्यवसायिक सीप विकासको माध्यमबाट लघु उद्यमीलाई व्यवसायिकतातर्फ उन्मुख गराउन जोड दिइने छ ।

२.३ स्थानीय क्षेत्रका पर्यटकीय स्थलको आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

## ३. **सहकारी** (दिगो विकास लक्ष्यको सूचक नं. ८ सँग सम्बन्धित) :

सहकारीप्रति आम नागरिकको विश्वास र भरोसालाई थप मजबुत बनाउन सहकारी विकासमा निम्नानुसारको नीति अवलम्बन गरिने छ :

३.१ सहकारीको संस्थागत सुशासन, क्षमता विकास र वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्ने कार्यलाई जोड दिइने छ ।

३.२ सहकारी संस्थाको अनुगमनलाई थप प्रभावकारी बनाइने छ ।

**४. भूमि व्यवस्था** (दिगो विकास लक्ष्यको सूचक नं. २ र १२ सँग सम्बन्धित) :

स्थानीयस्तरमा भूमिसम्बन्धी विद्यमान समस्याको दीर्घकालीन समाधान गर्न निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

४.१ गौरीगञ्ज गाउँपालिकामा बसोबास गर्ने भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन समाधानको लागि राष्ट्रिय भूमि आयोगसँग आवश्यक समन्वय गरी लालपूर्जा वितरण गर्ने कार्य अघि बढाइने छ ।

४.२ भूमि वर्गीकरणमा देखिएका विद्यमान त्रुटीहरु सच्याउन आवश्यक पहल गरिने छ ।

४.३ गाउँपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेखीकरण एवं संरक्षण गरी अतिक्रमण नियन्त्रणमा जोड दिइने छ ।

# सामाजिक विकास

**१. शिक्षा** (दिगो विकास लक्ष्यको सूचक नं. ४ सँग सम्बन्धित) :

गुणस्तरीय एवं सर्वसुलभ शिक्षाको सुनिश्चित गर्न शिक्षा विकाससम्बन्धी निम्न नीति अवलम्बन गरिने छः-

१.१ गौरीगञ्ज गाउँपालिकाले तयार गरेको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक "हाम्रो गौरीगञ्ज" विद्यालयमा अनिवार्य लागू गरिने छ ।

१.२ विद्यार्थीमा सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्न विद्यालय तथा गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलापमा जोड दिइने छ ।

१.३ सबै सामुदायिक विद्यालयमा न्यूनतम् बालमैत्री भौतिक पूर्वाधार निर्माण गर्दै गौरीगञ्ज गाउँपालिकाको बालमैत्री गाउँपालिका घोषणा कार्यक्रमलाई अघि बढाइने छ ।

१.४ विद्यालयप्रति आकर्षण बढाउन गाउँपालिकाभित्रका सामुदायिक शैक्षिक संस्थामा अध्ययनरत कक्षा- ११ र १२ का विद्यार्थीको लागि प्रदान गरिंदै आएको निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१.५ गौरीगञ्ज गाउँपालिका स्थायी ठेगाना भएका विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि प्राविधिक विषय तथा उच्चशिक्षा अध्ययन छात्रवृत्तिलाई निरन्तरता दिइने छ, साथै बाबु-आमा वा अभिभावकको सहाराबाट वञ्चित बालबालिका एवं वैदेशिक रोजगारीमा ज्यान गुमाएका

अभिभावकका सन्तानलाई दोहोरो सुविधा नहुनेगरी माध्यमिक तहसम्म अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराइने छ ।

१.६ गाउँपालिकाभित्रका सामुदायिक मा. वि. अन्तर्गत कक्षा- ९ मा अध्ययनरत छात्रालाई लक्षित गरी सञ्चालन हुँदै आएको साइकल वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ, साथै सोही कक्षामा अध्ययनरत उत्कृष्ट G. P. A. हासिल गरेका गरीब तथा जेहेन्दार छात्रलाई समेत तोकिएबमोजिम साइकल वितरण गरिने छ ।

१.७ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा अभिभावकको सक्रियता, संलग्नता र अपनत्वको भावना बढाउन र विद्यार्थीलाई नियमित विद्यालय पठाई अध्ययनमा सहयोग पुऱ्याउन अभिभावक शिक्षा (सन्तानका लागि आमा) कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१.८ विद्यार्थीमा अनुशासन, लगनशीलता र सामूहिक भावनाको अभिवृद्धि गर्न सामुदायिक विद्यालयमा सञ्चालन गरिँदै आएको स्काउट शिक्षालाई निरन्तरता दिइने छ ।

## २. स्वास्थ्य (दिगो विकास लक्ष्यको सूचक नं. ३ सँग सम्बन्धित) :

सर्वसुलभ स्वास्थ्य सेवामा आमनागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्यसम्बन्धी निम्न नीति अवलम्बन गरिने छ :

२.१ गौरीगञ्ज आधारभूत अस्पतालमा विशेषज्ञ चिकित्सकसहितको चौबीसै घण्टा सेवालाई निरन्तरता दिइने छ, साथै अन्य थप आधुनिक उपकरणसहित अस्पताल सेवालाई अझ प्रभावकारी बनाउँदै लगिने छ ।

२.२ अस्पताल तथा स्वास्थ्य संस्थामा औषधि तथा केमिकल रिएजेण्टको नियमित आपूर्तिको सुनिश्चितता गरिने छ ।

२.३ गर्भवती महिलालाई प्रोटोकलअनुसार गर्भजाँच गर्न प्रोत्साहन गर्दै घरमा हुने प्रसूतिलाई शून्य (Zero Home Delivery) बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

२.४ गर्भवती, सुत्केरी तथा बालबालिकाको पोषण प्रबर्द्धनका लागि समुदायलक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

२.५ सम्पूर्ण स्वास्थ्य संस्थामा न्यूनतम् सेवा मापदण्ड (M.S.S.) लाई निरन्तरता दिइने छ ।

२.६ नसर्ने तथा दीर्घ रोगको निदान तथा व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

२.७ स्थानीयस्तरमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले विभिन्न संघसंस्थाको सहकार्यमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

२.८ स्वास्थ्य सेवामा नागरिकको पहुँच थप सुनिश्चित गर्न एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाइने छ ।

२.९ गौरीगञ्ज गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिकाको रुपमा कायम राख्न आवश्यक पहल गरिने छ ।

२.१० विभिन्न संघसंस्थासँगको सहकार्यमा कुष्ठरोग, हात्तीपाइले, डेङ्गीलगायत अन्य उपेक्षित रोगको रोकथाम, पहिचान, उपचार तथा पुनर्स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

## ३. खानेपानी तथा सरसफाई (दिगो विकास लक्ष्यको सूचक नं. ६ सँग सम्बन्धित) :

गौरीगञ्जबासीलाई स्वच्छ एवं सफा पिउने पानीको सहज पहुँचलाई सुनिश्चित गर्न खानेपानी तथा सरसफाई सम्बन्धी निम्न नीति अवलम्बन गरिने छ :

३.१ गाउँपालिकाबासीलाई स्वच्छ र गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउन जलवायु उत्थानशील समावेशी खानेपानी सरसफाइ तथा स्वच्छता (Climate Resilient WASH Plan) योजनालाई अनुमोदन गर्दै पूर्णता दिन र MIS लाई नियमित अध्यावधिक गर्न प्रदेश खानेपानी, सिचाइँ तथा उर्जा मन्त्रालय र अन्य सहयोगी संस्थासँग पहल गरिने छ ।

३.२ जलवायु उत्थानशील समावेशी खानेपानी सरसफाइ तथा स्वच्छता (Climate Resilient WASH Plan) योजनाअनुसारका लक्ष्यहरु हासिल गर्नका लागि लगानी वृद्धि, सेवा दक्षता अभिवृद्धि, प्रभावकारिता, सुशासन कायम गर्दै विद्यमान खानेपानी आयोजनाको स्तरोन्नति, मर्मत र सञ्चालन गरी स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको सुनिश्चितता गर्न पहल गरिने छ ।

३.३ घरायसीस्तरमा खानेपानीको शुद्धीकरण तथा स्वच्छतासम्बन्धी व्यवहार परिवर्तनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि गरी समुदायमा जनचेतनामूलक अभियान सञ्चालन गरिने छ ।

३.४ गौरीगञ्ज गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त, स्वच्छ तथा हराभरा गाउँपालिकाको रुपमा विकास गर्न फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

## ४. संस्कृति प्रबर्द्धन (दिगो विकास लक्ष्यको सूचक नं. १६ सँग सम्बन्धित) :

गौरीगञ्ज गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्षको संरक्षण, सम्बर्द्धन एवं विकासको लागि निम्न नीति अवलम्बन गरिने छ :

४.१ पालिकाभित्रका विभिन्न जाति, भाषा, धर्म, संस्कृति, परम्परागत कला, साहित्य, संगीत आदिको संरक्षण तथा विकासमा जोड दिइने छ ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (दिगो विकास लक्ष्यको सूचक नं. ५ सँग सम्बन्धित) :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धिमा निम्नबमोजिम नीति अवलम्बन गरिने छ :

५.१ महिला अधिकार सुनिश्चितताको लागि नेतृत्व विकासमा जोड दिइने छ । साथै आयमूलक तथा सीपमूलक कार्यक्रममार्फत् उद्यमी बन्न प्रेरित गरिने छ ।

५.२ आदिवासी जनजातिको परम्परागत पहिचान, खानपान, भेषभूषा, संस्कृति आदिको संरक्षण एवं सम्बर्द्धनमा जोड दिइने छ ।

५.३ दलित एवं मधेसी, मुस्लिम र पिछडावर्गको उत्थानको लागि लक्षित कार्यक्रममार्फत क्षमता अभिवृद्धिमा जोड दिइने छ ।

५.४ "समृद्ध गौरीगञ्जको आधार, तयार गरौं भविष्यका कर्णाधार"भन्ने नारालाई साकार पार्न बालमैत्री गाउँपालिका निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।

५.५ कोशी प्रदेश सरकार, गौरीगञ्ज गाउँपालिका र करुणा फाउण्डेसन, नेपालको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालन भइरहेको **"अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम"**लाई आ.व. २०८२/०८३ मा समेत निरन्तरता दिइने छ ।

५.६ जेष्ठ नागरिकको अनुभव आदान-प्रदान तथा योगदानको कदर गर्दै निजहरुको सामाजिक सेवा-सुरक्षालाई प्रभावकारी बनाइने छ ।

५.७ गाउँपालिका क्षेत्रमा बसोबास गर्ने यौनिक अल्पसंख्यक नागरिकको जीवनयापनलाई सहज बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

## ६. युवा, खेलकुद तथा मनोरञ्जन (दिगो विकास लक्ष्यको सूचक नं. ३ सँग सम्बन्धित) :

देश बनाउने मुख्य मानव संशाधनको रुपमा रहेका युवाशक्तिलाई देशभित्रै रही राष्ट्र निर्माणमा प्रोत्साहन गर्न निम्न नीति अवलम्बन गरिने छ :

६.१ लागुऔषध दुर्व्यसनको लतमा परेका युवालाई निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक कार्यक्रममार्फत पुनर्स्थापना गर्न विभिन्न सरकारी तथा गैरसकारी संघ-संस्थासँग आवश्यक समन्वय गरिने छ ।

६.२ "युवालाई विदेश हैन, बिजनेस"को भावना जगाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न युवाको लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसँगको साझेदारीमा आयमूलक एवं सीपमूलक कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ ।

६.३ खेलकुदको विकासको लागि गाउँपालिकास्तरीय खेलकुद विकास समितिमार्फत प्रभावकारी रुपमा खेलकुद क्रियाकलाप सञ्चालन गरिने छ ।

६.४ खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

## पूर्वाधार विकास

(दिगो विकास लक्ष्यको सूचक नं. ७, ९ र ११ सँग सम्बन्धित) :

गौरीगञ्ज गाउँपालिकाको पूर्वाधार विकासमा निम्न नीति अवलम्बन गरिने छ :

१. स्थानीय सडक, पुललगायतका भौतिक संरचना निर्माण गर्दा स्थानीय यातायात तथा सडक गुरु योजना (MTMP) को मापदण्ड अनिवार्य गरिने छ ।

२. गाउँपालिकाको क्षेत्रभित्र नयाँ भवन निर्माण गर्दा कानूनबमोजिम घरनक्सा पास अनिवार्य गरिने छ । साथै यसअघि निर्माण सम्पन्न भइसकेका घर तथा भवनलाई निश्चित अवधि तोकी जरीवाना छुटसहित गाउँपालिकामा अभिलेखीकरण गर्न सूचित गरिने छ ।

३. गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने विपन्न परिवारलाई लक्षित गरी गाउँ गौरवका आयोजनाअन्तर्गत आ.व. २०८२/०८३ मा **"गौरीगञ्ज आवास कार्यक्रम"** सञ्चालन गरिने छ, साथै गाउँपालिकाको गहनाको रुपमा रहेका हुलाकी राजमार्गसँग जोडिएका शहरहरुको सौन्दर्य सुदृढीकरणको कार्यसमेत उक्त आयोजनामार्फत अघि बढाइने छ ।

४. उपभोक्ता समितिबाट सञ्चालन गरिने पूर्वाधार योजनामा सम्बन्धित उपभोक्ताबाट न्यूनतम् दश प्रतिशत नगद सहभागिता वा सो रकम बराबरको जनश्रमदान अनिवार्य गरिने छ ।

५. टोल विकास समितिको गठन तथा क्षमता अभिवृद्धि गरी बालमैत्री गाउँपालिका निर्माणको अभियानमा जोडिने छ, साथै सडक बत्तीको सुरक्षा तथा बील भुक्तानी र अन्य सानातिना निर्माण कार्यसमेत टोल विकास समितिसँगको साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।

६. गाउँपालिकाभित्रका स्थानीय बजारमा व्यवस्थित टहरा, बधशाला, ढल, पानी निकास, ब्लकलगायतका अन्य आवश्यक संरचनाको निर्माण गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

७. गाउँपालिकासमेतको लागत साझेदारीमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गौरीगञ्ज गाउँपालिकाको रोजगार रणनीति, २०८१ अनुरुप प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

## वन, वातावरण तथा विपद्

(दिगो विकास लक्ष्यको सूचक नं. १३ र १५ सँग सम्बन्धित) :

वन, वातावरण तथा विपद् व्यवस्थापनमा निम्न नीति अवलम्बन गरिने छ :

१. वन संरक्षण एवं उपयुक्त स्थानमा वृक्षारोपण गरी वातावरण हरियाली बनाउन पहल गरिने छ ।

२. हरेक वर्ष हुने नदि कटानको रोकथाम गर्दै स्थानीय पोखरी, सीमसार, जैविक विविधता र जलाधारको संरक्षण एवं विकास गर्न आवश्यक पहल गरिने छ ।

३. नवीकरणीय उर्जाको प्रयोग र प्रबर्द्धनमा जोड दिइने छ ।

४. विपद् जोखिम न्यूनीकरणको लागि विपद् पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइने छ । साथै अन्य सरकारी, गैरसरकारी संघ-संस्था र नीजि क्षेत्रलाई समेत आबद्ध गराई राहत वितरणमा एकद्वार प्रणाली लागू गरिने छ ।

५. ढुंगा, गिटी, बालुवा, माटो तथा अन्य प्राकृतिक स्रोतको अनधिकृत उत्खनन्लाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारसँगको समन्वयमा सोको समुचित प्रबन्ध गरिने छ ।

६. सडक दुर्घटना न्यूनीकरणको लागि ट्राफिक प्रहरीसँगको समन्वयमा ट्राफिक सचेतना कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## संस्थागत विकास तथा सुशासन

(दिगो विकास लक्ष्यको सूचक नं. १६ सँग सम्बन्धित) :

नागरिकको हितलाई ध्यानमा राखी गाउँपालिकाको संस्थागत विकास तथा सुशासन प्रबर्द्धनमा प्रविधिको भरपूर प्रयोग गर्दै निम्न नीति अवलम्बन गरिने छ :

१. कार्यालयबाट प्रदान गरिने सेवालाई चुस्त, दुरुस्त र थप प्रभावकारी बनाइने छ ।

२. करको दायरा फराकिलो बनाई गाउँपालिकाको आन्तरिक आय सुदृढ बनाउन प्रविधिमैत्री कर प्रणालीको शुरुवात गरिने छ ।

३. योजनाबद्ध विकासलाई थप प्रभावकारी बनाउन गाउँपालिकाको पार्श्वचित्र, योजनाको विस्तृत लागत विवरण, वातावरण संरक्षण रणनीतिक योजना र अन्य आवश्यक कार्य-योजना निर्माण गरी कार्यान्वयन गर्दै लगिने छ ।

४. महालेखा परीक्षकबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्दै औंल्याइएको बेरुजु फछ्र्यौट गरी आर्थिक अनुशासनलाई कार्यान्वयन गरिने छ ।

५. अत्यावश्यक वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न बजार अनुगमनलाई थप प्रभावकारी बनाइने छ, साथै स्थानीय बजारको व्यवस्थापनमा जोड दिंदै खाद्य गुणस्तर, खाद्य सुरक्षा र उपभोक्ता हितको लागि आवश्यक पहल गरिने छ ।

६. न्याय निरुपणमा सहजता ल्याउन न्यायिक समितिको कार्य-क्षमता अभिवृद्धि गर्न आवश्यक जोड दिइने छ । न्यायिक समितिमार्फत बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र हिंसापीडित व्यक्तिलाई निःशुल्क कानूनी सेवा प्रदान गरिने छ ।

७. स्थानीयस्तरका सञ्चार माध्यम तथा अन्य संघ-संस्थाको प्रबर्द्धनमा जोड दिइने छ ।

सभाका सदस्यहरु,

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न अमूल्य सल्लाह सुझाव दिई सहयोग गर्ने गाउँ कार्यपालिका, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सभाका सदस्यहरु, स्थानीय राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, सभाका सचिव एवं गाउँसभा सचिवालय टीमप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

गौरीगञ्ज गाउँपालिकाको आ.व. २०८२/०८३ को प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम र उक्त वार्षिक नीति तथा कार्यक्रमलाई छलफलसहित सर्वसम्मत रुपमा पारित गरियोस् भन्ने सम्बन्धी प्रस्ताव यस सम्मानित सभासमक्ष पेश गर्दछु ।

**प्रस्ताव प्रस्तुतकर्ता :**
फुलबती राजबंशी
(अध्यक्ष)
गौरीगञ्ज गाउँपालिका, झापा